**सौर्य सिंचाई प्रणाली जडान तथा जडान पश्चात बिकी पछिका सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा**

**उपभोक्ता श्री ............ ............................................... र मान्यता प्राप्त कम्पनी/संस्था श्री................................................................बीच भएको सम्झौता**

आज मिति विक्रम सम्वत २०७६ साल ............ महिना ......... गते ...............का दिन उपभोक्ता श्री ................................................................(यसपछि 'प्रथम पक्ष' भनेर सम्वोधन गरिएको) प्रथम पक्ष र मान्यता प्राप्त कम्पनी/संस्था ........................................................................( यसपछि 'दोस्रो पक्ष' भनेर सम्बोधन गरिएको) दोस्रो पक्ष बीच **सौर्य सिंचाई प्रणाली जडान तथा जडान पश्चात बिकी पछिका सेवा सुविधाहरु उपलब्ध गराउने कार्यका लागि** यो सम्झौता गरिएको छ ।

**सम्झौताका शर्तहरु निम्न अनुसार हुनेछ ।**

१) प्रथम पक्षले दोस्रो पक्षद्वारा सौर्य सिंचाई प्रणाली जडान गराऊँदा आफु वा आफ्नो सिंचाई परियोजना वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्दको website मा आ. व. २०७६/७७ को लागि कृषि सिंचाई प्रणाली कार्यान्वयनका लागि छनौट गरिएको लिस्ट भित्र रहेको हुनुपर्ने छ । दोस्रो पक्षले पनि सो को निश्चित गरेर मात्र जडान गर्नुपर्ने छ । छनौट लिस्टमा भएको विवरण तल उल्लेखित ढाँचामा हुनुपर्ने छ ।

| प्रकाशनमिति : २०७६/...../...... | | | |
|---|---|---|---|
| Selected List of Solar Irrigation Project | | | |
| लिस्टमा भएको सि. नं. | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | गाऊँपालिका / नगरपालिका |
| | | | |

२) दोस्रो पक्षले स्थलगत निरीक्षण पश्चात पानीको श्रोत कुनै पनि किसिमको विद्युत वितरण सेवाबाट ३०० मीटर भन्दा टाढा रहेको कुरा निश्चित गरेर मात्र प्रणाली जडान कार्य अगाडी बढाउने छ ।

३) प्रथम पक्ष तथा दोस्रो पक्ष दुवैले नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ तथा नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३ भित्र रहि सौर्य सिंचाई प्रणालीको कार्यान्वयन गर्नुपर्ने छ ।

४) दोस्रो पक्षले स्थलगत निरीक्षण पश्चात प्रथम पक्षलाइ ...... मि. Head बाट दैनिक ............ लि. पानी उपलब्ध गराउनु पर्ने छ र त्यसका लागि ........... Wp को सौर्य पाता र ........ Hp क्षमताको सौर्य पम्प उपलब्ध गराउने छ ।

५) यस प्रणाली कार्यान्वयनको लागि कुल लागत रु ..................... (अक्षरमाः ..............................................................) मध्ये प्रथम पक्षले दोस्रो पक्षलाइ वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र बाट प्राप्त हुने अनुदान रकम रु ....................... ( अक्षरमाः

..............................................................) बाहेकको हुन आउने रकम रु .............. ( अक्षरमाः ..............................................................) दिनुपर्ने छ ।

६) दोस्रो पक्षले प्रथम पक्षलाई आपूर्ति गरेको सामान केन्द्रको प्राविधिक मापदण्ड अनुसार गुणस्तरयुक्त हुनुपर्ने छ ।

७) दोस्रो पक्षले सम्पूर्ण जडान कार्य .......... दिन भित्र सम्पन्न गरि जडान सम्पन्न प्रतिवेदन केन्द्रमा बुझाउनुपर्ने छ । जसमा प्रथम पक्षले सन्तोषजनक जडान समापन तथा अनुदान निस्कासनको लागि सिफारिस गर्नुपर्ने छ ।

८) दोस्रो पक्षले प्रथम पक्षलाई सम्पूर्ण प्रणालीको २ वर्षको वारेन्टी तथा बिक्री पछिका सेवा सुविधाहरु उपलब्ध गराउने छ । यस वारेन्टी अवधि भित्र सौर्य पम्पमा केहि समस्या देखिएमा पम्पको प्रतिस्थापन नै गर्नुपर्ने छ ।

९) दोस्रो पक्षले प्रथम पक्षलाई सौर्य प्रणाली जडान पश्चात उक्त प्रणालीको संचालन र मर्मत सम्भार सम्बन्धि साधारण तालिम दिनुपर्ने छ ।

१०) दोस्रो पक्षले प्रथम पक्षलाई जडान कार्य सम्पन्न पछि वारेन्टि कार्ड र बिल दिनु पर्नेछ ।

**दोस्रो पक्ष (मान्यता प्राप्त कम्पनी/संस्था) को तर्फबाट**

हस्ताक्षर :

नाम :

पदः

कम्पनी/संस्थाको नामः

ठेगाना :

सम्पर्क फोन नं.:

कम्पनी/संस्थाको छापः

साक्षीः

**प्रथम पक्ष (उपभोक्ता )को तर्फबाट**

हस्ताक्षर :

नाम :

ठेगाना :

सम्पर्क फोन नं.:

साक्षीः